## कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था

**मोरङ। ०७७ वैशाख १३ गते**

प्रदेश १ मा वैशाख १३ गतेसम्म पीसीआर र आरडीटी विधिबाट ५ हजार २ सय १२ जनाको परीक्षण गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। पीसीआर विधिबाट शङ्कास्पद ९ सय १४ जनाको परीक्षण गरिएको छ । २ सय ४५ जना महिला र ६ सय ६९ जना पुरूषको कोरोना परीक्षण गरिएको छ । परीक्षण गरिएकामध्ये दुई जना महिला र २८ जना पुरूषसहित ३० जनाको रिपोर्ट पोजेटिभ आएको छ । १ सय १० जना महिला र ५ सय ८९ जना पुरूषसहित ६ सय ९९ जनाको रिपोर्ट नेगेटिभ आएको छ। स्वाब सङ्कलन गरिएकामध्ये १ सय ८५ जनाको रिपोर्ट आउन बाँकी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। वैशाख १३ गतेसम्म आरडीटी विधिबाट ४ हजार २ सय ९८ जनाको एण्टीवडी परीक्षण गरिएको छ । एण्टीवडी परीक्षण गरिएकामध्ये दश जनामा पोजेटिभ देखिएको थियो । आरडीटीमा ७ सय दुई जना महिला र ३ हजार ५ सय ८६ जना पुरूष गरी ४ हजार २ सय ८८ जनाको नेगेटिभ रिपोर्ट आएको छ। प्रदेश १ मा वैशाख १३ गतेसम्म ४ हजार ९ सय ७२ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ । क्वारेन्टाइनमा वैशाख १३ गतेसम्म १ सय २९ जना महिला र १ हजार ७५ जना पुरूष गरी १ हजार २ सय ४ जना बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। प्रदेश १ मा वैशाख १३ गतेसम्म दुई जना महिला र २९ जना पुरूष गरी ३१ जना आईसोलेशनमा बसेका छन्। प्रदेश १ मा होम क्वारेन्टाईनमा बस्नेको सङ्ख्या ५ हजार ७ सय १५ पुगेको छ। होमक्वारेन्टाइनमा १ हजार तीन जना महिला र ४ हजार ७ सय १२ जना पुरुष रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका** अनुसार वैशाख १३ गतेसम्म मोरङमा १ सय ८६ जना पुरूष र २२ जना महिला गरी २ सय ८ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ। वैशाख १३ गतेसम्म १ सय ७० जना पुरूष र १५ जना महिला गरी १ सय ८५ जना डिस्चार्ज भएका छन्। मोरङमा ६ सय ९३ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ। मोरङमा वैशाख १३ गतेसम्म आईसोलेशनमा ५७ जना भर्ना भएका छन्। कोशी अस्पतालमा २४ जना, कोभिड १९ उपचार केन्द्रमा ३० जना र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन्। आईसोलेशनमा बसेका १८ जना पुरूष र पाँच जना महिला गरी २३ जना डिस्चार्ज भएका छन् । वैशाख १३ गतेसम्म मोरङमा २१ जना महिला र १ सय १४ जना पुरूष गरी १ सय ३५ जनाको स्वाब सङ्कलन गरिएको छ। स्वाब सङ्कलन गरिएका मध्ये १ सय ३३ जनाको रिपोर्ट नेगेटिभ आएको छ। दुई जनाको आउन बाँकी छ। आरडीटी विधिबाट १ सय ८५ जना महिला र ८ सय ६० जना पुरूष गरी १ हजार ४५ जनाको एण्टीवडी परीक्षण गरिएको छ। एण्टीवडी परीक्षण गरिएकामध्ये एक जनाको पोजेटिभ र १ हजार ४४ जनाको नेगेटिभ रिपोर्ट आएको स्वास्थ्य कार्यालय मोरङले जनाएको छ । मोरङमा होमक्वारेन्टाइनमा बस्नेको सङ्ख्या १ हजार ४ सय ७७ जना पुगेको छ। जसमा महिला २ सय ५६ जना र १ हजार २ सय २१ जना पुरूष रहेका छन्।

प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले कोरोना भाइरस विरूद्ध सबै एक भएर लाग्नु पर्ने बताउनु भएको छ। वैशाख १३ गते कोरोनाबाट प्रभावित उदयपुर र भोजपुर पुगेर मुख्यमन्त्री राईले सो कुरा बताउनु भएको हो । कोरोना प्रभावित क्षेत्रका स्थानीयहरूलाई मुख्यमन्त्री राईले त्रसित नभई बस्न आग्रह गर्नुभएको छ। तपाईहरूको साथमा प्रदेश सरकार छ, नआत्ति बस्नुहोस्, मुख्यमन्त्री राईले भन्नुभयो। मुख्यमन्त्री राईले सङ्क्रमितको उपचार र फराकिलो ढङ्गले नागरिकको स्वास्थ्य परीक्षण गरिने समेत बताउनुभयो। मुख्यमन्त्रीसँग आन्तरिक मामिला मन्त्री हिक्मत कार्की, सामाजिक विकास मन्त्री जीवन

घिमिरे र नेपाली सेनाको टोली कोरोना प्रभावित क्षेत्रमा पुगेको हो । प्रभावित क्षेत्र पुगेर आन्तरिक मामिला तथा कानुन मन्त्री कार्कीले शान्ति सुरक्षाका बिषयमा सुरक्षा निकायका अधिकारीहरूसँग जानकारी लिनुभएको छ । सामाजिक विकास मन्त्री जीवन घिमिरेले हतुवागढी लगायतका क्षेत्रहरूमा आरडीटी टेष्टका लागि प्रदेश सरकारले आवश्यक स्रोत साधन, स्वास्थ्य सामाग्री र जनशक्ति उपलब्ध गराउने बताउनुभएको छ । मुख्यमन्त्री सहितको टोली हेलिकप्टर मार्फत हतुवागढीबाट कोरोनाको बढी प्रभावित क्षेत्र उदयपुरको त्रियुगा नगरपालिका आएको थियो । मुख्यमन्त्री राईको टोलीले उदयपुरको भुल्के, भोजपुरको हतुवागढी र उदयपुरको कटारी नगरपालिका-१ बेलसोतमा रहेको क्वारेन्टाइन स्थलको समेत निरीक्षण गर्नुभएको छ । मुख्यमन्त्रीको टोलीले उदपयुर र भोजपुरको दक्षिणी हतुवागढी गाउँपालिकामा कोरोना परीक्षणका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्री समेत प्रदान गरेको छ । त्यहाँ कोरोना भाइरस परीक्षण गर्ने स्वास्थ्य सामग्री अभाव थियो । मुख्यमन्त्री राई सहितको टोलीले थर्मगन, पीपीई, एन ९५ मास्क, सेनिटाइजर, ग्लोब्स, आरडीटी किट लगायतका स्वास्थ्य सामग्री हतुवागढी र उदयपुर पु¥याएको हो ।
लायन्स क्लब अफ मिल्स एरियाले लकडाउनबाट प्रभावित मोरङका १ सय १० परिवारलाई वैशाख १३ गते खाद्यान्न वितरण गरेको छ । क्लबले लकडाउन प्रभावित विराटनगर महानगरपालिका -१५ का ६० र जहदा गाँउपालिकाका १ का ५० घरपरिवार गरी एक सय दस परिवारलाई खाद्यान्न वितरण गरेको हो ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार हतुवागढी गाँउपालिका-६ का २६ वर्षीय एक पुरूषमा वैशाख ११ गते कोरोना भाइरसको सङ्क्रमण पुष्टी भएपछि वैशाख १३ गते सो क्षेत्रमा प्रदेशका मन्त्रीहरूले अनुगमन गर्नु भएको छ । प्रदेश १ का मुख्यमन्त्री शेरधन राई,आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्की,सामाजिक विकासमन्त्री जीवन घिमिरे,भोजपुरका प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरी,जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएसपी नरबहादुर सलामी मगर र गाँउपालिका अध्यक्ष प्रेमकुमार राईलगायत सम्मिलित टोलीले हतुवागढी क्षेत्रको अनुगमन गरेको हो ।अनुगमनका क्रममा मुख्यमन्त्री शेरधन राईले जिल्लाभरी नै कोरोना भाइरसको परीक्षण प्रभावकारी बनाउने,स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणको कमी हुन नदिने र आवश्यक खर्च तत्काल प्रदेश सरकारले उपलब्ध गराउने बताउनुभयो । आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले प्रदेश भरीमा भएका क्वारेन्टाइनलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने तथा सुरक्षाकर्मी परिचालन गरी क्वारेन्टाइनको कडा निगरानी गरिने बताउनुभयो । सामाजिक विकासमन्त्री जीवन घिमिरेले स्वास्थ्यकर्मी,स्वास्थ्य उपकरणलगायतको व्यवस्थापन तत्काल गरिने बताउनुभयो । उहाँले चिकित्सकको सल्लाह बमोजिम कोरोना नियन्त्रणका लागि उदयपुरसहित अन्य क्षेत्रमा अस्थायी कोरोना अस्पताल निर्माणका लागि गृहकार्य थालेको बताउनुभयो । अनुगमनका क्रममा भोजपुरका प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले जिल्लामा कुनै समस्या आए तत्काल प्रदेश सरकारसँग सहयोग मागिने बताउनुभयो । डिएसपी नरबहादुर सलामी मगरले जिल्लाका नाका तथा सीमा क्षेत्रमा सुरक्षा सर्तकता बढाइने बताउनुभयो । विदेशबाट फर्किएका युवामा कोराना सङ्क्रमण देखिएकाले तत्काललाई हतुवागढीलाई पीपीइ दश थान,थर्मल गन चार थान,आरडीटी किट एक सय थान,सेनिटाइजर ३० ओटा,पञ्जा एक हजार थान र एन९५ मास्क ५० ओटा प्रदेश सरकारले गाँउपालिकालाई उपलब्ध गराएको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार स्थानीय तहमा रहेका क्वारेन्टाइनमा वैशाख १३ गते ३५ जना राखिएका छन् । जिल्ला प्रशासन कार्यालयका अनुसार सूर्योदय नगरपालिकाको

पशुपतिनगरमा चार जना महिलासहित ११, रोङ गाँउपालिका एक जना महिलासहित चार जना, माङ्सेबुङस्थित क्वारेन्टाइनमा १७ जना र इलाम नगरपालिकाकामा एक जना पुरूष र एक जना महिला छन् ।

इलामका होम क्वारेन्टाइनमा ६४ जना महिलासहित ५ सय १३ जना व्यक्तिलाई राखिएको छ । जिल्लाका दश स्थानीय तहका २५ स्थानमा ३ सय २१ जना क्षमताको क्वारेन्टाइन व्यवस्था गरिएको छ । इलामबाट अहिलेसम्म ४ जनाको पिसिआर परीक्षणका लागि नमूना पठाइएकामा सबैको नेगेटिभ रिपोर्ट आएको छ । जिल्लाका विभिन्न स्थानीय तहमा ३ सय ३ जनाको आरडीटी गर्दा उनीहरू सबैको रिपोर्ट पनि नेगेटिभ नै आएको वैशाख १३ गते जिल्ला प्रशासन कार्यालयले जारी गरेको प्रेस नोटमा उल्लेख छ । इलाम नगरपालिकामा ५७, सूर्योदय नगरमा सात, माई नगरमा ४७, देउमाई नगरमा २९, रोङ गाउँपालिकामा ६९, फाकफोकथुम गाउँपालिकामा ४३, चुलाचुली गापामा पाँच, माइजोगमाईमा १६, सन्दककपुर गापामा १२ र माङ्सेबुङ गापामा १८ जनाको आरडिटी गरिएको छ ।

इलामका स्थानीय तहले अहिलेसम्म ८ हजार ८ सय ९३ परिवार असहाय तथा असंगठित क्षेत्रका श्रमिकलाई पहिलो चरणको राहत वितरण गरिसकेको प्रशासनले जनाएको छ । इलाम नगरपालिकामा २ हजार ५ सय ३४, सूर्योदय नगरमा ४ सय ९०, देउमाई नगरमा २ सय ६८, माई नगरमा १ हजार ९ सय ४१ जनालाई राहत वितरण गरिएको छ । यस्तै, माईजोगमाईमा ३ सय ९, माइजोगमाईमा १ हजार १ सय ९५, चुलाचुलीमा १ हजार ५ सय ३९, फाकफोकथुममा १ सय ४३ र रोङ गाउँपालिकामा ४ सय ७४ जनालाई राहत वितरण गरिएको छ ।

इलाम नगरपालिकाले वडा - ७ स्थित सिडफ्रिडमा रहेको क्वारेन्टाइन अहिलेलाई स्थगित गर्ने निर्णय गरेको छ । नगरले आवश्यक परे तत्कालै पुन: व्यवस्था मिलाउनेगरी अहिले यहाँ क्वारेन्टाइन नराख्ने र यहाँ राखिएका व्यक्तिलाई जिल्ला समन्वय समितिको नयाँ भवनमा राख्ने निर्णय गरेको जनाएको छ । इलाम नगरपालिकाको आकस्मिक राहत कोषमा वैशाख १३ गतेसम्म ५१ लाख ३२ हजार ५ सय ६६ रुपैयाँ जम्मा भएको नगरपालिकाका प्रवक्ता ठाकुरनारायण श्रेष्ठले बताउनुभयो ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार वैशाख १३ गते काठमाडौबाट ताप्लेजुङ आएका ६ सय ४८ जनालाई सम्बन्धित स्थानीय तहमा पठाईएको छ । ताप्लेजुङ काठमाडौ सरोकार केन्द्रको समन्वयमा वैशाख १३ गते काबेलीमा हेल्थ डेस्कबाट चेकजाँच गरेर सम्बन्धित स्थानीय तहले व्यवस्था गरेको गाडीमा पठाइएको थियो । जिल्लास्थित नौ ओटा स्थानीय तहले आफ्ना नागरिकको बस भाडा उपलब्ध गराउने निर्णय गरेका छन् । एकतर्फी आएपनि दुईतर्फी भाडा तिर्ने सर्तमा मात्र बस आएको थियो । प्रतिव्यक्ति भाडा ३ हजार ५ सय तिरेका छन् ।

वैशाख १३ गते काठमाडौबाट फर्किएका ३१ जनालाई सिदिङ्मा गाउँपालिकाले क्वारेन्टाइनमा राखेको छ । १८ जना पुरूष र १३ जना महिलालाई क्वारेन्टाइनमा राखिएको हो । तीमध्ये २१ जनालाई भन्ज्याङ माविको क्वारेन्टाइनमा र दश जनालाई सिंहदेवी माविको क्वारेन्टाइनमा राखिएको छ । उनीहरुलाई खाने बस्ने व्यवस्था गाउँपालिकाले गरेको प्रशासकीय अधिकृत सुमन लिङ्देनले जानकारी दिनुभयो ।

प्रदेश १ सरकारले पठाएको १ सय २० थान किटमध्ये १ सय १३ जनाको परीक्षण गरिएको छ । अब सात ओटा मात्र किट बाँकी रहेको जिल्ला समन्वय समिति प्रमुख तथा कोरोना रोकथाम तथा व्यवस्थापन समिति संयोजक घनेन्द्र मादेनले बताउनुभयो । प्रदेश सरकारसँग ५ सय थान किट माग गरिएको तर ४० थानमात्र उपलब्ध हुने जानकारी पाएको प्रमुख मादेनले बताउनुभयो । उक्त किट वैशाख १४ वा १५ गतेभित्र उपलब्ध हुने भएको छ ।

काठमाडौंबाट फर्किएकी १७ वर्षीया बालिकालाई कोठामा घरधनीले बस्न नदिएपछि वडाअध्यक्षले कोठा व्यवस्थापन गरिदिएका छन् । फुङलिङ नगरपालिका-४ का वडाअध्यक्ष जितेन चेम्जोङका अनुसार बालिका बसेको घरधनीले बस्न नदिएकाले बाहिर व्यवस्थापन गरिएको हो । बालिकाका परिवार फुङलिङ नगरपालिका-४ स्थित कोठा भाडा लिएर बस्दै आएका छन् । घरधनीले बाहिरबाट आएकाले कि क्वारेन्टाइनमा राख्न वा अन्तै व्यवस्थापन गर्न गरेको अनुरोध बमोजिम कोठा व्यवस्थापन गरेर राख्नुपरेको हो ।
आठराई त्रिवेणी गाउँपालिका-१ निघुरादिनले वैशाख १३ गते ८५ घरपरिवारलाई राहत वितरण गरेको छ । प्रतिव्यक्ति ६ केजी चामल,१ किलो नुन,आधा केजी दाल वितरण गरेको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख १३ गते जिल्लामा चार जनालाई क्वारेन्टाइनमा राखिएको छ । वैशाख १३ गते सङ्खुवासभा विभिन्न स्थानका ५४ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । वैशाख १३ गते जिल्ला अस्पताल खाँदबारीमा एक जना महिलाले ज्वरो क्लिनिकमा जाँच गराएकी छन् । वैशाख १३ गतेसम्म एक सय छ जनाको र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको छ । र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको सबै जनाकै रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले बताउनुभयो ।
१८ जना विद्यार्थीलाई धर्मदेवी नगरपालिकाले उद्दार गरेको छ । उनीहरूलाई सुनसरी जिल्लाको इटहरी बाट उद्दार गरेर जिल्ला ल्याइएको धर्मदेवीका नगर प्रमुख रमेशकुमार जिमीले जानकारी दिनुभयो । सङ्खुवासभाको खाँदबारी नगरपालिका-६ का एक जना महिला र तीन जना पुरुष सहित चार जनालाई खाँदबारी-८ मा रहेको बरुण क्याम्पसको क्वारेन्टाइनमा राखिएको छ ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार कोरोना भाइरस फैलिएको ९ औं दिनमा प्रदेश १ का मुख्यमन्त्री शेरधन राई वैशाख १३ गते दुई जना मन्त्रीसहित उदयपुरको सङ्क्रमित क्षेत्रको अनुगमन गर्नु भएको छ । मुख्य मन्त्री राईले जिल्लाका सरोकारवाला निकायले कोरोना भाइरस नियन्त्रणका लागि गरेका प्रयास, समस्या, चुनौती, तयारी, स्थानीयका समस्या लगायतका बिषयमा दुई घण्टा समय दिएर सुन्नु भएको थियो । जिल्लाका समस्याका बारेमा त्रियुगा नगरपालिकाका मेयर बलदेव चौधरी र प्रमुख जिल्ला अधिकारीले राख्नु भएको थियो । उठेका विषयमा जबाफ दिँदै मुख्यमन्त्री राईले सङ्कटको बेला औषधि उपचार र भोकमारीबाट कोही पनि जनता मर्नु पर्ने समस्या नआउने बताउनुभयो । सबै नागरिकको खानपाउने र स्वास्थ्य अधिकार सुनिश्चित गर्नु सरकारको कर्तव्य भएकाले, निश्चिन्त भएर बस्न उदयपुरवासीलाई अपिल गर्नुभयो ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख १३ गतेसम्म १४ जना महिला र ६४ जना पुरूष गरी ७८ जनालाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा राखिएका सात जना पुरूषलाई घर पठाइएको छ । आईसोलेशनमा एक जना पुरूषलाई राखिएको छ । पीसीआर परीक्षणका लागि एक जनाको स्वाब कोशी अञ्चल अस्पताल विराटनगर पठाइएकोमा नजिता आउन बाँकी छ । हालसम्म ३२ जनाको पीसीआर प्रविधिबाट स्वाब परीक्षण र २ सय २८ जनाको आरडीटी प्रविधिबाट परीक्षण गरिएकोमा सबै जनाको नजिता नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्ला अस्पतालमा ६, पाथीभरा अस्पतालमा ६ र समर्पित अस्पतालमा ११ गरी जम्मा २३ आईसोलेशन स्थापना गरिएका छन् । जिल्लामा एक नगरपालिका र सात गाउँपालिकाले २ सय ३३

जना क्षमता भएको क्वारेन्टाइन स्थापना गरेका छन् । जिल्लाका सबै स्थानीय तहमा एम्बुलेन्स लगायतका सवारी साधन तयारी अवस्थामा राखिएका छन् ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार वैशाख १३ गते २१ जनाको स्वाब परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । २१ जनालाई डिस्चार्ज गरिएको छ । जिल्लामा वैशाख १३ गतेसम्म ७ सय ९४ जनामा र्‍यापिड टेस्ट गरिएकोमा ७ सय ५७ जनाको रिपोर्ट नेगेटिभ,सात जनाको रिपोर्ट आउन बाँकी छ । झापामा ३० जना डाक्टर, १ सय ३३ जना नर्स, २२ जना ल्याव टेक्निसियन, ८७ ओटा सुरक्षा दल, ६३ जना स्वयमसेवक र १ सय २१ जना सहयोगी परिचालन गरिएको छ ।
लकडाउनका कारण वृद्ध भत्ता नपाइरहेको अवस्थामा अर्जुनधारा नगरपालिका -६ ले टोल टोलमा पुगि सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । १ सय २७ घर परिवारलाई चार/चार महिनाको भत्ता बितरण गरिएको अध्यक्ष लोकनाथ गौतमले बताउनुभयो ।
दमक नगरपालिका-३ का ६२ वर्षीय एक जना कोरोना सङ्क्रमण पुष्टि भएपछि दमक नगरपालिकाले वडा-३ लाई 'सिल' गरिएको छ । नगरपालिकाकी प्रवक्ता एवम् उपप्रमुख गीता अधिकारीले वडा-३ का एकैघरका चार जनाको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा स्वाब परीक्षण गर्दा एक जनामा पोजेटिभ भेटिएको बताउनुभयो ।
दमक नगरपालिकाको उत्तरमा मावा पुलदेखि बेलडाँगी-१ सम्म, दक्षिणमा कृष्ण मन्दिर राजमार्ग उत्तर, पूर्वमा हिमालय माविदेखि बेलडाँगी-१ सम्म, र पश्चिममा मावाखोलासम्मको क्षेत्रमा आवतजावत लगायत कुनैपनि गतिविधि पूर्ण रूपमा निषेध गरिएको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार काठमाण्डौमा लकडाउनका कारणले अलपत्र तथा फसेकाले उद्दार गरी जिल्ला ल्याइएको छ । धरान उपमहानगरपालिका र बराहक्षेत्र नगरपालिकाले उद्दार गरी २ सय ९६ जनालाई जिल्ला ल्याएको छ । धरान उपमहानगरपालिकाले दुई सय जना र बराहक्षेत्रले ९६ जनालाई सुनसरी ल्याएको हो ।
भोजपुरको हतुवागढी गाँउपालिका-६ का कोरोना सङ्क्रमण युवा सुनसरीको इटहरीस्थित आफ्नो फुपुको घरमा आएको पुष्टि भएको छ । पत्नी भेट्न चतरा ,मावली भेट्न धरान र इटहरीमा आफ्नो फुफु भेट्न आएको प्रहरीले जनाएको छ । चतराको बसाईकै क्रममा धरान उपमहानगरपालिका- १३ रहेको उनको मामली घर पनि पुगेर फर्किएका थिए । उनी पछिल्लो समय मामली घर हुँदै इटहरी आएको र इटहरीबाट झुम्का चतरा स्टेण्ड हुँदै चतरा बजार पुनः चतरा गएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।
हरीनगर गाउँपालिकामा राहत वितरणको विषयमा झडप भएको छ । जिल्लाको सिमावर्ती गाउँपालिका हरिनगर -४ मा राहतको विषयमा विवाद उत्पन हुदाँ झडप भएको छ । प्लान इन्टरनेश्नल नेपाल नामक संस्थाले वितरण गरेको रहतामा वडा सदस्य लखन महतोले आफनो आसेपासेलेलाई मात्र वितरण गर्दा प्रतिवाद गर्दा झडप भएको हो ।

**इन्सेक ओखलढुङ्गा प्रतिनिधि शिवप्रसाद ढुङ्गाना**का अनुसार वैशाख १३ गतेसम्म ४१ जना क्वारेन्टाइनमा राखिएका छन् । हालसम्म कोरोनाको तीब्र परीक्षण गरिएका १ सय ९२ जनाको रिपोर्ट नेगेटिभ आएपछि घर पठाइएको छ । त्यस्तै तीन जनाको पीसीआर विधिबाट परीक्षणका लागि स्वाब सङ्कलन गरेर काठमाण्डौ पठाइएको र उनीहरूको रिपोर्ट आउन बाँकी रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सुमन तिवारीले बताउनुभयो । अन्य ६ जनाको रिपोर्ट नेगेटिभ आएको छ । यो सँगै पीसीआर विधिबाट

परीक्षण गर्नेको सङ्ख्या ९ पुगेको छ । विभिन्न स्थानीय तहले काठमाण्डौ र इटहरीबाट वैशाख १३ गते ४ हजार हाराहारी नागरिक जिल्ला भित्रिएका छन् ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**